# वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
## Womi Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)

**केन्द्रीय कार्यालय:** भरतपुर-१२, चितवन, फोन नं.: ०५६-५२०४०६, ५२०४०८
ईमेल : womimf@hotmail.com वेवसाईटः www.womimfi.com

## विशेष साधारण सभाको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७६/०५/१६ गते )

यस वित्तीय संस्थाको मिति २०७६ साल भाद्र १२ गते बसेको सञ्चालक समितिको १२८ औं बैठकको निर्णय अनुसार विशेष साधारणसभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारणसभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७६/०६/०२ गते विहिबार (तदनुसार १९ सेप्टेम्बर २०१९)
**समय** : बिहान ११:३० बजे
**स्थान** : धुनिबेशी नगरपालिका खानीखोला, धादिङ्ग स्थित होटल ह्वाइट हिल्स (शाखा कार्यालय खानीखोलासँगै)

**छलफलका विषयहरु :**

**अ) विशेष प्रस्तावहरु :**

(१) वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र नागरिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र नागरिक लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि मुल्यांकनकर्ताबाट प्राप्त गाभ्ने वा गाभिने संस्थाको चल अचल सम्पत्ति र दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit-DDA) समेतको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) लाई पारीत गरी मर्जरलाई स्वीकृती प्रदान गर्ने र सो सम्बन्धमा देहाय बमोजिमको प्रस्तावलाई स्वीकृती प्रदान गर्ने ।

(क) वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र नागरिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection), चल अचल सम्पत्ति र दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit-DDA) गर्न नियुक्त लेखापरीक्षक (DDA मुल्यांकनकर्ता) को नियुक्ती तथा पारिश्रमिकलाई अनुमोदन गर्ने ।

(ख) वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र नागरिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पछि गठन हुने संचालक समितिमा यस वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुको निर्णय गर्ने संचालक समितिको निर्णयलाई अनुमोदन गर्ने तथा नागरिक लघुवित्त वित्तीय संस्था लिमिटेडबाट चयन हुने संचालकलाई पदस्थापन गर्ने एवं अनुमोदन गर्ने अधिकार संचालक समितिलाई प्रत्यायोजन गर्ने ।

(ग) सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको कार्यकाल सम्बन्धमा ।

(घ) वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड र नागरिक लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात हुने संस्थाको ठेगाना, अधिकृत पुँजी, जारी पुँजी, चुक्ता पुँजी, शेयर संरचना लगायतमा परिवर्तन हुने भएकोले सो बमोजिम हुने गरी प्रबन्धपत्र र नियमावलीको तीन महलमा उल्लेख भए अनुसारको आवश्यक दफा तथा नियम संशोधन/परिमार्जन गर्ने तथा पारीत प्रस्ताव नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती लिने र अभिलेख गर्ने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(३) भविष्यमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(४) उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**आ) विविध प्रस्ताव :**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## विशेष साधारण सभा सम्बन्धी थप जानकारी

(१) विशेष साधारण सभा प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेज २०७६ भाद्र २० गते एक दिन बन्द रहनेछ ।

(२) विशेष साधारण सभामा छलफल गरिने सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन लगायत आवश्यक अन्य विवरण सहितको जानकारी शेयरधनीहरूको ठेगानामा प्रेषित गरिएको छ । कथंकदाचित उक्त पुस्तिका शेयरधनीहरूको ठेगानामा नपुगेमा यसैलाई सूचना मानी सभामा पाल्नु हुन अनुरोध छ ।

(३) विशेष साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरूले शेयर प्रमाण पत्र/आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

(४) शेयरधनी महानुभावहरूको सुविधाको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १० बजेदेखि सभा चालु रहेसम्म खुल्ला गरिनेछ ।

(५) कुनै शेयरधनी विशेष साधारण सभामा स्वयम् उपस्थित हुन नसक्ने भै सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडी संस्थाको केन्द्रीय कार्यालय, भरतपुर, चितवनमा दर्ता गराइ सक्नु पर्नेछ । संस्थाको शेयरधनी बाहेक अरूलाई प्रतिनिधि (प्रोक्सी) दिन पाइने छैन । संस्थाको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिएको भए प्रोक्सी बदर हुनेछ । साथै, प्रतिनिधि (प्रोक्सी) दिदा जुन समुहको शेयरधनी हो सोही समुहको शेयरधनीलाई मात्र दिनु पर्नेछ ।

(६) एउटै सभामा उपस्थित हुनको लागि एकै शेयर वापत एक भन्दा बढि व्यक्तिहरु प्रतिनिधि (प्रोक्सी) नियुक्ती भएमा माथि बुँदा ५ बमोजिम कुनै एक प्रतिनिधि (प्रोक्सी) कायम गरिएकोमा बाहेक कुनै पनि प्रोक्सीले सभामा उपस्थित हुन तथा मतदान गर्न पाउने छैन ।

(७) प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

(८) साझा गरी एक भन्दा बढि व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारले सर्वसम्मतिबाट मनोनित गरेको प्रतिनिधि वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएकोमा शेयरवालाहरुको दर्ता किताबमा सो साझेदारहरु मध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सो साझेदार मात्र मतदाता हुनेछ । जतिसुकै जनाले साझा गरी शेयर लिएको भएता पनि एकजनाले मात्र शेयरवाला वा प्रतिनिधिको हैसियतले मतदान गर्न पाउनेछ ।

(९) नावालक तथा मानसिक सन्तुलन ठीक नभएको शेयरवालाको हकमा निजको संरक्षक वा संरक्षकले तोकेको प्रतिनिधिले मतदानमा भाग लिन पाउनेछ । तर संरक्षक स्वयम् शेयरधनी नहुने हुनाले प्रोक्सी नियुक्त हुन भने योग्य हुने छैनन् ।

(१०) छलफलको विषय सूचीमध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । तर त्यस्ता विषयलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

(११) विशेष साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय भरतपुर, चितवनमा सम्पर्क राखी अथवा संस्थाको website: www.womimfi.com बाट समेत जानकारी लिन सकिने व्यहोरा अनुरोध छ ।